शिवालय गाउँपालिका
Shivaalaya Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of the Rural Municipal Executive
सिमा, जाजरकोट
Sima, Jajarkot
कर्णाली प्रदेश, नेपाल
Karnali Province, Nepal


पत्र संख्या Reference No. : २०८१।८२
चलानी नम्बर Dispatch No. :

# प्रस्तावना आव्हान सम्बन्धी सूचना।

(प्रथम पटक प्रकाशित मितिः २०८२।०१।२५)

यस गाउँपालिकाको वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्श सेवा मार्फत सम्पादन गर्नुपर्ने भएकाले यस कार्यालयमा सूचीकृत इच्छुक साझेदारी तथा निजी व्यवसायिक फर्महरुले प्रथम पटक सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनको कार्यालय समय भित्र तपशिलमा उल्लेखित कागजातहरु सहित यस कार्यालयले स्वीकृत गरेको कार्यक्षेत्रगत शर्त (कार्यक्षेत्रगत शर्त शिवालय गाउँपालिकाको Website www.shibalayamun.gov.np बाट Download गर्न सकिनेछ) अनुसारको कार्यक्रम प्रस्तावना पेश गर्न हुन यो सूचना प्रकाशित गरिएको छ।

गोपाल शाही
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल**

| सि.नं. | परामर्श सेवाको विवरण | कैफियत |
|---|---|---|
| १ | गाउँपालिकाको भू-उपयोग क्षेत्र/जग्गा वर्गीकरण नक्शा सहित | |

**प्रस्ताव साथ पेश गर्नुपर्ने कागजातहरुः**

१. इच्छुक साझेदारी तथा निजी फर्म यस गाउँपालिकाको कार्यालयमा सूचीकृत भएको हुनु पर्नेछ।

२. व्यवासय दर्ता, नविकरण, मूल्य अभिबृद्ध कर दर्ता प्रमाण पत्र र आ.व. २०८०।८१ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि।

३. कालो सूचीमा नपरेको र कुनै कारवाहीमा नपरेको व्यहोरा खुल्ने गरी स्वघोषणा।

४. कार्यक्रममा संलग्न हुने जनशक्तिहरुको कार्यानुभव खुल्ने गरी वैयक्तिक विवरण (C.V.)।

# शिवालय गाउँपालिकाको भूउपयोग क्षेत्र/जग्गा वर्गीकरण गर्ने सम्बन्धी कार्य क्षेत्रगत शर्त

**१. पृष्ठभूमि**

भूउपयोग ऐन, २०७६, भूउपयोग नियमावली, २०७९ र भूउपयोग कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८१ का व्यवस्था बमोजिम भू-उपयोग क्षेत्रको वर्गीकरण, भू-उपयोग योजना तर्जुमा गर्न आवश्यक भएको र स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ को उपदफा (५ खण्ड क) बमोजिम भू-उपयोग नीति, योजना, कार्यक्रम र कार्यान्वयन गर्न कानूनी व्यवस्था अनुसार शिवालय गाउँपालिकाले भू-उपयोग क्षेत्र वर्गीकरण गर्नु पर्ने भएकोले परामर्श सेवा मार्फत उक्त कार्य गराउन यो कार्य क्षेत्रगत शर्त (ToR) गरिएको छ।

**२. उद्देश्य**

प्रचलित कानूनी व्यवस्था बमोजिम दक्षताको आधारमा सेवा प्रदायक संस्था छनौट गरी कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सीमसार क्षेत्र, सार्वजनिक क्षेत्र र सांस्कृतिक तथा परातात्विक महत्वको क्षेत्रले ओगटेको भूमिको भू-उपयोग क्षेत्र वर्गीकरण हुने सो अनुसार भू-उपयोग क्षेत्र नक्शा तयार गरी स्थानीय भू परिषदबाट स्वीकृत गर्न यस कार्य क्षेत्रगत शर्तको मुख्य उद्देश्यका अतिरिक्त देहायका उद्देश्यहरु रहेका छन:-

- गाउँपालिकाका पदाधिकारीहरु र अन्य सरवकारवालाहरुलाई भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी अभिमुखीकरण गर्ने,
- भू-उपयोग क्षेत्र वर्गीकरण सम्बन्धी विद्यमान कानूनी प्रावधान र स्थानीय आवश्यकता बमोजिम अध्यावधिक गर्ने,
- भू-उपयोग वर्गीकरण सम्बन्धी सूचनाहरुलाई आवधिक योजना र गाउँपालिका वस्तुगत विवरण (प्रोफाइल) मा एकिकृत गर्ने।

**३. नतिजा**

यस कार्य क्षेत्रगत शर्त बमोजिम निम्न नतिजाहरु हासिल हुनेछ:-

- भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम भू-उपयोग क्षेत्र वर्गीकरण तयार हुनेछ।
- वर्गीकृत भूमिको भू-उपयोग क्षेत्र नक्शा समेत तयारी हुनेछ।
- यस गाउँपालिकामा दर्ता भएका गुठी जग्गाको विवरण प्राप्त हुनेछ।
- भूमि व्यवस्थापन तथा वस्ती विकास योजना तर्जुमामा सघाउनु पुग्नेछ।
- गाउँपालिकाको आवधिक योजना, क्षेत्रगत गूरु योजना र वार्षिक योजना तर्जुमामा सघाउ पुग्नेछ।

प्रमुख प्रशासकीय अधिकृत

**४. सेवा प्रदायक संस्थाको कार्य विवरण (Scope of work)**

**क. मुख्य नतिजा**

- कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सीमसार क्षेत्र, सार्वजनिक क्षेत्र र सांस्कृतिक तथा परातात्विक महत्वको क्षेत्रले ओगटेको भूमिको भू-उपयोग क्षेत्र वर्गीकरण हुने सो अनुसार भू-उपयोग क्षेत्र नक्शा तयार गर्ने।

**ख. सूचना संकलन तथा सहजीकरण**

प्राथमिक र द्धितीय स्रोतबाट भू-उपयोग सम्बन्धी विवरण प्राप्त गरी कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सीमसार क्षेत्र,

सार्वजनिक क्षेत्र र सांस्कृतिक तथा परातात्विक महत्वको क्षेत्रले ओगटेको भूमिको भू-उपयोग क्षेत्र वर्गीकरण हुने सो अनुसार भू-उपयोग क्षेत्र नक्शा तयार गर्नु पर्नेछ।

- वेभसाइटबाट विस्तृत रुपमा समेत हेर्न सकिने गरी डिजिटल भू-उपयोग क्षेत्र नक्शा सहितको वर्गीकृत विवरण तयार गर्ने।

**ग. समन्वय तथा सहकार्य**

- सेवा प्रदायक संस्थाले गाउँपालिकाले तोकेको पदाधिकारी र सम्बन्धित वडा समितिसँग समन्वय र सहकार्यमा काम गर्नु पर्नेछ।

**घ. अभिमुखीकरण**

- गाउँपालिकाका पदाधिकारीहरु, राजनितिक दलका प्रतिनिधिहरु, विषगत शाखाका शाखा प्रमुखहरु, वडा सचिवहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधिहरु, पत्रकाहरु र स्थानीय स्तरमा उपलब्ध साँध, सिमा र भूमि सम्बन्धी जानकार व्यक्तिहरुलाई सहभागी गराएर भू-उपयोग क्षेत्र वर्गीकरण तयारी कार्यशाला गोष्ठी गर्नु पर्नेछ।
- गाउँपालिकाका पदाधिकारीहरु, राजनितिक दलका प्रतिनिधिहरु, विषगत शाखाका शाखा प्रमुखहरु, वडा सचिवहरु, सामुदायिक संघ संस्थाका प्रतिनिधिहरु र स्थानीय स्तरमा उपलब्ध जानकार व्यक्तिहरुलाई सहभागी गराएर भू-उपयोग क्षेत्र वर्गीकरण प्रमाणीकरण गोष्ठी गरी संकलन र वर्गीकरण गरेको प्रतिवेदन प्रस्तुत गरी अन्तिम प्रतिवेदन तयारी गरी पेश गर्नु पर्नेछ।

**५. सेवा प्रदायक संस्थाको योग्यता र जनशक्ति व्यवस्थापन र कार्यानुभव**

**क. सेवा प्रदायक संस्थाको किसिम**

- सम्बन्धित निकायमा दर्ता भई मुल्य अभिबृद्धि करमा दर्ता भएका साझेदारी तथा निजी व्यवसायिक फर्महरु।

**ख. सेवा प्रदायक संस्थाका प्रशासनिक योग्यता र कार्यानुभव**

- दर्ता भएको तीन वर्ष पुगेको
- आ.व. २०८०।८१ सम्मको लेखापरीक्षण, नविकरण र कर चुक्ता भएको।
- कुनै निकायबाट कालो सूची र कारवाहीमा नपरेको।
- कम्तिमा दुईवटा स्थानीय तहको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयारी गरेको।

**ग. परिचालित हुने जनशक्तिको योग्यता र कार्यानुभव**

- ईन्जिनियरिङ संकायमा अध्ययन गरी कम्तिमा दुई वटा स्थानीय निकायको भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयारी गरेको कार्यानुभव प्राप्त विज्ञ एक जना
- तथ्याङ्क संकलन र विश्लेषणको क्षेत्रमा कार्यानुभव प्राप्त अमिन जनशक्ति दुई जना

प्रमुख प्रशासकीय अधिकृत

६. गाउँपालिकाको जिम्मेवारी

- भू-उपयोग क्षेत्र वर्गीकरणको समग्र संयोजन, संचालन र गुणस्तर कायम गर्न नियमनकारी भूमिका निर्वाह गर्ने।
- घरधुरी, स्थानीय समुदाय र वडास्तरको सूचना संकलनमा आवश्यक समन्वय, सहजीकरण र व्यवस्थापन गर्ने।
- गाउँपालिकाले भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयारीका लागि सम्झौता हुन साथ कार्य संचालन गर्न यो कार्य विवरण र सम्झौता पत्रमा उल्लेख भए बमोजिम रकम सेवा प्रदायक संस्थालाई उपलब्ध गराउने।
- यस कार्यमा कुनै विवाद, अन्यौल पैदा भएमा वा विशेष अवस्थाका कारण पूर्व निर्धारित शर्तहरु हेरफेर गर्नु परेमा सहयोग गर्ने।
- कुनै कारणवशः कुनै निकाय/शाखाबाट सूचना/विवरण प्राप्त हुन नसकेमा आवश्यक सहजीकरणको भूमिका निर्वाह गर्नेछ।
- अन्य जिम्मेवारीहरु सम्झौतामा उल्लेख भए अनुसार हुनेछ।

७. आवश्यक जनशक्ति तथा खर्चको लागत अनुमान

कार्यक्रमको जम्मा बजेट रु. ५ लाख रहेको छ। परामर्शदाताले देहाय बमोजिम खर्च गर्नेगरी प्रस्ताव पेश गर्नु पर्नेछ।

| S.N | Particulars | Unit | Quantity | Rate (NRs.) | Amount NRs. | Qualification |
|---|---|---|---|---|---|---|
| | **Remuneration** | | | | | |
| 1 | परियोजना संयोजक | Man/Days | 30.00 | | | भू-उपयोग योजना/भूगोल/सार्वजनिक नीतिमा स्नातकोत्तर |
| 2 | GIS विशेषज्ञ | Man/Days | 25.00 | | | GIS मा स्नातक वा स्नातकोत्तर |
| 3 | सर्वेक्षक | Man/Days | 15.00 | | | सर्वेक्षण इन्जिनियरिङ्ग मा डिप्लोमा |
| 4 | सामाजिक विकास विशेषज्ञ | Man/Days | 10.00 | | | समाजशास्त्र/सामुदायिक विकास मा स्नातक |
| 5 | डेटा एनालिस्ट | Man/Days | 10.00 | | | सांख्यिकी/डेटा विज्ञान मा स्नातक |
| 6 | सवारी भाडा (फिल्ड भ्रमण) | LS | 1.00 | | | |
| 7 | GIS सफ्टवेयर लाइसेन्स | LS | 1.00 | | | |
| 8 | सर्वेक्षण उपकरण भाडा | LS | 1.00 | | | |
| 9 | कम्प्युटर र प्रिन्टर भाडा | LS | 1.00 | | | |
| 10 | सरोकारवाला बैठक (२) | Time | 2.00 | | | |
| 11 | नक्सा मुद्रण (A1 साइज, १० प्रति) | No | 15.00 | | | |
| 12 | प्रतिवेदन मुद्रण (१० प्रति) | NO | 15.00 | | | |
| 13 | आकस्मिक खर्च | LS | 1.00 | | | |
| | **Sub-total (A)** | | | | | |

प्रमुख प्रशासकीय अधिकृत

| | | | | |
|---|---|---|---|---|
| | **VAT @ 13%** | | | |
| | **Total Amount including VAT** | | | |

## ८. भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयारी कार्यक्रमको अवधि

भू-उपयोग क्षेत्र वर्गीकरण विवरण तयारी कार्यक्रमको अवधि सम्झौता भएको मितिले बढीमा ४५ दिनको हुनेछ। कावु बाहिरको अवस्थाका कारणले यो अवधिमा कार्य सम्पन्न नभएमा दोस्रो पक्षको निवेदन प्राप्त भएमा आवश्यकता अनुसार अवधि थप गर्न सकिनेछ।

## ९. प्रतिवेदन तथा प्रशासनिक व्यवस्थापन

- भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सीमसार क्षेत्र, सार्वजनिक क्षेत्र र सांस्कृतिक तथा परातात्विक महत्वको क्षेत्रले ओगटेको भूमिको भू-उपयोग क्षेत्र वर्गीकरण हुने सो अनुसार भू-उपयोग क्षेत्र नक्शा पहिलो चरणको मस्यौदा प्रतिवेदन पेश गर्ने।
- भू-उपयोग ऐन, २०७६ र भू-उपयोग नियमावली, २०७९ बमोजिम कृषि क्षेत्र, आवासीय क्षेत्र, व्यवसायिक क्षेत्र, औद्योगिक क्षेत्र, खानी तथा खनिज क्षेत्र, वन क्षेत्र, नदी, खोला, ताल, सीमसार क्षेत्र, सार्वजनिक क्षेत्र र सांस्कृतिक तथा परातात्विक महत्वको क्षेत्रले ओगटेको भूमिको भू-उपयोग क्षेत्र वर्गीकरण हुने सो अनुसार भू-उपयोग क्षेत्र नक्शा मस्यौदा प्रतिवेदन माथि प्रमाणीकरण कार्यशाला गोष्ठी पश्चात अन्तिम प्रतिवेदन पेश गर्ने।
- अन्तिम प्रतिवेदनमा समावेश गर्ने अन्य विषयहरु र शर्तहरु कार्यक्रम कार्यान्वयन सम्झौता पत्रमा उल्लेख भए अनुसार हुनेछ।

## १०. प्रस्तावसँग पेश गर्नु पर्ने कागजातहरु

- निवेदन
- व्यवसायिक संस्था/फर्म दर्ता तथा नविकरण प्रमाण पत्रको प्रतिलिपि
- मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्रको प्रतिलिपि
- कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि
- विगत २ आ.व. को लेखापरीक्षण प्रतिवेदन
- सेवा प्रदायक संस्थाको प्रोफाइल
- प्रस्तावित कार्यका लागि परिचालन हुने जनशक्तिहरुको वैयक्तिक विवरण
- कार्यानुभव खुल्ने कागजातहरु

## ११. कार्य क्षेत्रगत शर्त संशोधन र नियन्त्रण

नेपाल सरकार र प्रदेश सरकारबाट प्राप्त निर्देशन अनुसार कुनै विषय थपघट वा संशोधन गर्नुपर्ने भएमा कार्य क्षेत्रगत शर्तमा संशोधन गर्न सकिनेछ।प्रस्ताव पत्रहरु स्वीकृत, रद्द, स्थगन वा पुनः संकलन गर्ने अधिकार गाउँपालिकालाई हुनेछ।

## १२. भुक्तानि प्रक्रिया

यस कार्यक्रमको भुक्तानि प्रक्रिया देहाय बमोजिम हुनेछ।

- दुबै पक्ष बीच भएको सम्झौता पत्र र कार्य योजना पेश भएपछि - ३० प्रतिशत
- वस्तुगत विवरणको मस्यौदा प्रतिवेदन पेश गरे पछि- ३० प्रतिशत
- अन्तिम प्रतिवेदन पेश भएपछि- ४० प्रतिशत

प्रमुख प्रशासकीय अधिकृत